**हेटौंडा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**अनुदानमा टनेल/पोलीहाउस निर्माण कार्यक्रम सम्बन्धि सूचना**

**(पहिलो पटक सूचना प्रकाशित मिति : २०७७/०७/०२ गते)**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.ब. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत उपमहानगरपालिका क्षेत्र भित्रका कृषि फर्म, कृषक समूहहरु, कृषि सहकारी संस्थाहरुको लागि मल्चिङ र प्लाष्टिक पोखरी/ट्याङ्की सहितको टनेलहाउस/पोलीहाउस निर्माण गर्न अनुदान उपलब्ध गराउने भएकोले तपसिलको शर्तहरुको अधिनमा यो सूचना प्रकाशित मितिले ३० (तीस) दिन भित्र हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । समय नागेर र रित नपुगी प्राप्त भएका आवेदन मुल्यांकनमा समावेश गरिने छैन ।

निवेदन र संक्षिप्त कार्य योजनाको ढांचा तथा कार्यक्रम संचालन प्रकृया यस उपमहानगरपालिकाको वेवसाइट **www.hetaudamun.gov.np** वाट डाउनलोड गर्न सकिनेछ वा सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

**शर्तहरुः**

१. निवेदन दस्तुर रु १००।- (फिर्ता नहुने गरी) नगद तिरेको रसिद सहित हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा निवेदन दिनुपर्नेछ ।

२. निवेदन फाराम मल्चिङ र प्लाष्टिक पोखरी/ट्याङ्कि सहित को नेटहाउस/पोलीहाउस निर्माण गर्ने कार्यक्रमको लागि मात्र हुनु पर्ने छ ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

क) कृषक समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित)।

ख) संस्था को प्यान दर्ता प्रमाणपत्र को प्रतिलिपी र अडिट रिपोर्ट ।

ग) मल्चिङ सहित को नेट/पोलीहाउस निर्माण गर्ने कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।

४. अनुदान कार्यक्रममा छनौट भएमा कार्यालयले तोकेको स्पेसिफिकेशन बमोजमको कूल लागत मध्ये रु एक लाख अनुदान प्राप्त हुनेछ बांकी रकम फर्म/ समूह /सहकारी ले व्यहोर्नु पर्नेछ ।

५. अनुदान कार्यक्रममा छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित फर्म/समूह /सहकारी संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

६. अनुदान कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय मा रहने छ ।

७ रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

८. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।

**हेटौंडा उपमहानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**
**सम्पर्क मो. ९८५५०६८३९३ , ९८४५५१३३०२ , ९८४५६२२४४४**